# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, जेठ २९ गते २०३८ साल (अतिरिक्ताङ्क १०

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजका हजूरमा शिक्षा मन्त्री श्री मरीचमान सिंहले राष्ट्रिय पञ्चायतबाट राष्ट्रिय पञ्चायतको अध्यक्षको सिफारिशका निमित्त हुने निर्वाचनमा आफू उम्मेदवार हुने इच्छा व्यक्त गरी मिति २०३८।२।२९ मा प्रधानमन्त्री श्री सूर्यबहादुर थापामार्फत निजले शिक्षा मन्त्री पदबाट चढाएको राजीनामाको व्यहोरा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट निजले आपनो ओहदामा रही ईमानदारीपूर्वक गरेको कामका निमित्त धन्यवाद बक्सँदै उक्त राजीनामा स्वीकृत गरिबक्सेको छ ।

साथै, मौसूफबाट रिक्त रहन आएको सो शिक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाई सम्हाल्न हुकुम बक्सेको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।